गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा, नेपाल

# स्वास्थ्य कार्यालय, पर्वतको जनस्वास्थ्य बुलेटिन

वर्ष: २ | अंक: ६ | महिना: ६ | श्रावण २०८१

### हार्दिक बधाई: आमा कार्यक्रमकी फोकल पर्सन आमा


स्वास्थ्य कार्यालय पर्वतमा कार्यरत पब्लिक हेल्थ नर्स सुमन शर्मालाई पुत्र लाभ भएकोमा आमा तथा बच्चाको सु-स्वास्थ्यको लागि कामना सहित स्वास्थ्य कार्यालय पर्वत परिवारको तर्फ बाट हार्दिक बधाई तथा सुभकमना व्यक्त गर्न चाहन्छौं।





### मासिक भर्चुअल सेसन भाग ४ अन्तर्गत "eTB Recording & Reporting"

स्वास्थ्य कार्यालय पर्वत द्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ४ अन्तर्गत २०८१ श्रावण महिनाको सेसन "eTB Recording & Reporting" शिर्षकमा सम्पन्न भएको छ। उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नु भएको थियो भने सहजीकरण क्षयरोग कार्यक्रम सहजकर्ता राजेश कुमार यादव ज्यूले गर्नु भएको थियो। ३ घन्टा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट ८५ वटा जुम आइडी मार्फत करिव १५० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो। सहजीकरणको निम्ति राजेश कुमार यादव ज्यु प्रती आभार प्रकट गर्न चाहन्छौ।






## उत्कृष्ट स्वास्थ्य संस्थालाई पुरस्कार

नया आ.व. २०८१/८२ देखि हरेक मासिक वैठकमा उत्कृष्ट स्वास्थ्य संस्थालाई पुरस्कृत गर्ने पर्वतका सम्पूर्ण सात स्थानीयले निर्णय गरेको छन। जस बमोजिम पहिलो महिनाको वैठकमा विभिन्न सुचकका आधारमा पैयु गा.पामा -पैयु गा.पा. २ स्थित त्रिबेणी स्वास्थ्य चौकी ,महाशिला गा पा मा -महाशिला १ होश्राङ्दि  स्वास्थ्य चौकी, जलजला गा पा मा -जलजला १ वासखर्क स्वास्थ्य चौकी उत्कृष्ट भैई नगद र.१००० (संस्थाको हकहित र स्तरोन्नतिमा प्रयोग हुनेगरी) बाट सम्मानित हुन सफल स्वास्थ्य चौकीहरु लाई हार्दिक  बधाई।  अन्य चार स्थानीय तहमा भने श्रवाण महिनाको मुलायंकन पछि लागु हुनेछ जसमा स्थानीय तह र स्वास्थ्य कार्यलयको छलफल बाट १०० पूर्ण अंकका सूचकहरु तयार गरिएको छ।







## बिश्व स्तनपान सप्ताह बिशेष

स्वास्थ्य कार्यालय पर्वतको अयोजनामा बिश्व स्तनपान सप्ताहको अवसरमा नारायण नमूना मा.वि पर्वतमा " स्तनपान र वृद्धि अनुगमन" विषयमा" एक स्वास्थ्यकर्मी , एक स्वास्थ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको  विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रमको सहजीकारण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सि, जनस्वाथ्य अधिकृत ममता ढकाल र तथ्यांक सहायक रामचन्द्र सुबेदीले गर्नु भएको थियो भने ९० जना बिद्यार्थीको उपस्थिती रहेको थियो ।





विश्व स्तनपान सप्ताह २०२४ को अवसरमा स्वास्थ्य कार्यालय पर्वत तथा फलेवास नगरपालिकाको संयुक्त आयोजनामा माटेदेवल मा.बि.मुडिकुवामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा फलेवास न.पा.अन्तर्गत का २६जना स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो भने कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नुभएको थियो र सन्चालन स्वास्थ्य शाखा प्रमुख रूद्र शर्मा सापकोटाले गर्नु भएको थियो।







## On-site कोचिङ र न्युनतम सेवा मापदण्ड कार्यक्रम

मिती २०८१-०४-१९ देखि २२: कुश्मा नगरपालिका तथा वान हार्ट वर्ल्ड वाइडको आयोजना र स्वास्थ्य कार्यालय पर्वतको सहकार्यमा ठुलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्रमा अनसाइट कोचिङ र न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको पहिलो तीन दिन ठुलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत ३ नर्सिङ कर्मचारीलाई अनसाइट कोचिङ गरिएको थियो जसको सहजिकारण कुश्मा नगरपालिका सि.अ.न.मी दुर्गा सापकोटा र जलजला गाउँपालिकाकी सि.अ.न.मी सगुन जी.सिले गर्नु भएको थियो भने कार्यक्रमको अन्तिम दिन न्युनतम सेवा मापदण्ड कार्यक्रम र विर्थिङ सेन्टिरको QIP गरिएको थियो जसको सहजीकारण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि.सि र वान हार्ट वर्ल्ड वाइडका जिल्ला संयोजक कविन्द्र रेग्मीले गर्नु भएको थियो।स्वास्थ्य संस्थाको मूल्यांकन अंक ७२% बाट वृद्धि भई ७७% पुगेको छ। मूल्यांकन पश्चात स्वास्थ्य सेवा गुणस्तर र बिर्थिङ सेवा सुधारका लागि स्वास्थ्य संस्था ब्यवस्थापन समितिसँग छलफल गरी कार्ययोजना पनि बनाइएको थियो।



## स्वास्थ्य चौकिमा न्युनतम सेवा मापदण्ड कार्यक्रम

मिती २०८१-०४-२७ गते स्वाथ्य कार्यालय पर्वतको र कुश्मा नगरपालिकाको आयोजनामा खौलालाकुरी स्वास्थ्य चौकिमा न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको छ ।जसको सहजिकारण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सि, तथ्याङ्क सहायक रामचन्द्र सुबेदी र कुश्मा नगरपालीका शाखा प्रमूख याम प्रसाद शर्माले गर्नु भएको थियो। मूल्यांकन अंक ५१% बाट वृद्धि भएर ६२% पुगेको छ भने मूल्यांकन पश्चात सुधारका लागि कार्ययोजना पनि बनाइएको थियो।

साथै मिती २०८१-०४-३१ गते स्वाथ्य कार्यालय पर्वत र मोदी गाँउपालिकाको आयोजनामा बाजुङ स्वास्थ्य चौकी मा न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको छ ।जसको सहजिकारण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सि, कुश्मा नगरपालीकाका सि. अ .न .मी दुर्गा सापकोटाले गर्नु भएको थियो। बाजुङ स्वास्थ्य चौकीले मूल्यांकनको अंक ८३% बाट वृद्धि भएर ९१% अंक प्राप्त गरेकोमा स्वास्थ्य चौकिका कर्मचारीहरु , वार्ड कार्यालय , ब्यवस्थापनमा समिती , समुदाय सम्पूर्णलाई हार्दिक बधाई साथै शूभकामना ।मूल्यांकन पश्चात संस्थालाई उत्कृष्ट बनाउन अझै पहल हुने स्वाथ्य संस्था ब्यवस्थापन समितीका सदस्यहरूले प्रतिबद्धता दिँदै सुधारका लागि कार्ययोजना पनि बनाइएको थियो।










## विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली (eHMIS) को अभिमुखिकरण कार्यक्रम

स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा कुश्मा नगरपालिकाको समन्वय एवं ब्यवस्थापनमा मिति २०८१/०४/२५ देखि ०४/२६ सम्म स्वास्थ्यकर्मिहरुलाई विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली (eHMIS) को अभिमुखिकरण कार्यक्रम साथै कुश्मा न.पाका १३ वटा स्वास्थ्यसंस्थाहरुमाहरुमा eHMIS Software को जडान कार्य कुश्मा न.पाका नि.कार्यालय प्रमुख विष्णु तिवारीको अध्यक्षतामा कुश्मा नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ। साथै मिति २०८१/०४/३१ देखि ०४/३२ मा स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा जलजला गा.पाको समन्वयमा जलजला गा.पा. अन्तर्गत १२ स्वास्थ्य संस्थामा विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली (eHMIS) को अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। जसको सहजीकरण स्वास्थ्य कार्यालय ,पर्वतका कार्यालय प्रमुख प्रविण शर्मा, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश, पोखराका तथ्याङ्क अधिकृत प्रविण भण्डारी र स्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क फोकल पर्सन रामचन्द्र सुवेदीले गर्नुभएको थियो।





## Vaccine Preventable Disease (VPD) को अभिमुखिकरण कार्यक्रम

बिश्व स्वास्थ्य संगठन,नेपालको आयोजना र स्वास्थ्य कार्यालय पर्वतको समन्वयमा Vaccine Preventable Disease (VPD) को अभिमुखिकरण कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण बिश्व स्वास्थ्य संगठनका WHO SIMO IPD officer डा. स्मृति लामाले गर्नु भएको थियो भने संचालन स्वास्थ्य कार्यालय पर्वतका नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो जहाँ जिल्लाका सात स्थानिय तहका स्वास्थ्य शाखा प्रमूखहरु, VPD रिपोर्टिङ्ग युनिटका स्वास्थ्य इन्चार्जहरु, ल्याबका स्वास्थ्यकर्मीहरु , मेडिकल अधिकृतहरु , जनस्वाथ्य अधिकृतहरु गरि ८२ जनाको उपस्थिति रहेको थियो।







## खोजौं र नष्ट गरौं अभियान


मिती २०८१-०४-२४: स्वास्थ्य कार्यालय पर्वत तथा कुश्मा नगरपालिकाको अयोजनामा डेंगु लगायत किटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि लामखुट्टेको वासस्थान खोजौं र नष्ट गरौं अभियान कुश्मा बजारमा सम्पन्न भएको छ। अभियानमा कुश्मा नगरपालिका अन्तर्गत विभिन्न वडाका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको उपस्थिति रहेको थियो। यसका साथै जिल्लाका सम्पूर्ण स्थानीय तहमा लामखुट्टेको वासस्थान खोजौं र नष्ट गरौं अभियान संचालन भइरहेको छन। दिन प्रति दिन डेङ्गुका बिरामी अत्याधिक बढेकाले सबैले सतर्कता अपनाउन अनुरोध गर्दछौं ।लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने एकमात्र उपाय हो।











**दिन प्रति दिन डेङ्गुका बिरामी अत्याधिक बढेकाले सबैले सतर्कता अपनाउन अनुरोध गर्दछौं। लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने एकमात्र उपाय हो।**

# स्थानीय तह विशेष

## स्थानीयबसी स्वास्थ्य संस्थालाइ आवश्यक सामग्रीले सहयोग गर्दै

विहादी गाउँ पालिका वडा नं १, बाच्छा स्वास्थ्य चौकी अन्तर्गत तल्लो बाच्छा बगादीमा संचालित २४ घन्टा प्रसुती सेवा तथा स्वास्थ्य ईकाईको डिजिटल अभिलेख तथा प्रतिवेदनमा भएको समस्यालाई मिति २०८१ श्रावण १० गतेका दिन विहादी गाउँ पालिका वडा नं १ बाच्छा सिम्ले निवासी समाजसेवी श्री लेखराज सिलवाल तथा धर्मपत्नी श्री पार्वती सिलवाल लगाएत उहाँहरुको सम्पुर्ण परिवारहरुको तर्फबाट बाच्छा स्वास्थ्य ईकाईको लागि १ थान डेस्कटप कम्प्युटर सेट र १ थान प्रीन्टर उपलब्ध गराईदिनु भएकोमा उहाँहरुको समस्त परिवारलाई स्वास्थ्य कार्यालय पर्वत तर्फबाट हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दै उहाँहरु सबै जनाको चौतर्फी सफलताको कामना गर्दछौं ।





## जलजला गाँउपालिका स्वास्थ्य शाखाको वार्षिक समिक्षा कार्यक्रम

मिति २०८१/०४/३० गते- जलजला गाँउपालिका स्वास्थ्य शाखाको आयोजनामा आर्थिक वर्ष २०८०/०८१ मा सम्पादित स्वास्थ्य तर्फका क्रियाकलापहरूको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भयको छ । कार्यक्रमको अवसरमा स्थानिय तह अन्तर्गत का १२ वटा स्वास्थ्य संस्थालाई गाँउपालिका का.व अध्यक्ष तथा उपाध्यक्ष दिपक आचार्य ज्यूले ल्यापटप हस्तान्तरण गर्नु भएको थियो भने उक्त कार्यक्रममा पालिकाका प्रमुख प्रशासकिय अधिकृत , स्वास्थ्य कार्यालयका प्रमुख , वडा अध्यक्षहरू , स्वास्थ्य कार्यालयका फोकल पर्सनहरू तथा गाउँपालिकामा कार्यरत ३० जान स्वास्थयकर्मिको उपस्तिथी रहेको थियो ।






## जिल्ला भरि नै डेंगु ज्वरो नियन्त्रण कार्यक्रम अन्तरगत लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान













## एक स्वास्थ्यकर्मी , एक स्वास्वास्थ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम











# डेंगु नियन्त्रण अभियानमा सबैको साथ














## कुश्मा नगरपलिका

१. स्तनपान सप्ताह विभिन्न कार्यक्रम गरि मनाईएको,
२. नियमीत परिक्षण गर्न आउने गर्भवति महिलाहरू लाई समुहमा तथा व्यक्ति लाई स्तनपानको महत्व आसन तथा सम्पर्कको बारेमा परामर्श प्रदान
३. आमा समुहमा स्तनपान बिषयमा अन्तरकृया छलफल बोतल प्रयोग लाई निरूत्साहन गर्ने सम्बन्धि अन्तरक्रिया
४. विधालयहरूमा स्वास्थ्य सेसन संचालन गरि पोष्टर पम्पलेटहरू बितरण
५. ठुलिपोखरी प्रा स्वा के मा मातृ तथा नवशिशु सेवा प्रदायकहरू लाई अनसाईट कोचिङ कार्यक्रम समपन्न ।
६. ठुलिपोखरी प्रा स्वा के मा न्युनतम सेवा मापदन्डको चौथौ फलोअप तथा आ ब ०८१/०८२ पहिलो अनुगमन एव खौला लाकुरी स्वास्थ्य चौकीमा दोस्रो फलोअप सम्पन्न
७. डेगु नियन्त्रण तथा सचेतनाका जन प्रतिनिधि, कर्मचारी सुरक्षा कर्मि म सा स्वा स्व से तथा आमा समुहको प्रतिनिधि सहित कुश्मा नगरपालिका अन्तरगत ४/५/६/७ मा खोज तथा नष्ट गर अभियान संचालन ।
८. डेगि नियन्त्रणमा लामखुट्टेको टोकाई बाट बच्ने लामखुट्टेको बास स्थान नष्ट गर्ने अभियान मा १४ वटै वडाका बिधालयहरू संग सहकार्य गरि सेसन संचालन तथा वातावरिण सरसफाई को कार्यक्रमहरू संचालन
९. eHMIS सम्बन्धि १३ वटा संस्थाका २२ जना स्वास्थ्यकर्मी लागि अभिमुखिकरण समपन्न एव रजिष्ट्रेशन गर्ने कार्य सबै संस्थाको शुरूवात ।
१०. पाङ तथा आ भु स्वा से के ७ मा रूबेला शर्भिलेन्स कार्य समपन्न।

## फलेबास नगरपलिका

१. स्तनपान सप्ताह विभिन्न जनचेतनामूलक कार्यक्रम गरि मनाईएको ।
२. डेगु नियन्त्रण तथा सचेतनाका लागि जन प्रतिनिधि, कर्मचारी सुरक्षाकर्मी, म. सा. स्वा. स्व. से तथा आमा समुहको प्रतिनिधि सहित सबै वडामा खोज तथा नष्ट गर अभियान संचालन गरिएको । साथै विध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम गरिएको।
३. HMIS तथ्यांक को त्रुटीको पहिचान र समस्या समाधान गरिएको ।

## मोदी गाउँपालिका

१. स्वास्थ्य संस्थाहरुलाई आवश्यक हुने औसधिहरुको प्याकिङ, ढुवानी तथा वितरण निरन्तर रुपमा गरिएको ।
२. ५ गते स्वास्थ्य चौकी प्रमुखहरुको बैठक आयोजना गरि मासिक प्रगति प्रतिवेदनमा छलफल गरी, अनलाइन प्रणाली मार्फत सबै संस्थाहरुको प्रतिवेदनलाई DATA Entry गर्ने गरिएको ।
३. कडा रोग लागेका ४ जना बिपन्न नागरिकहरुलाई उच्च तहका अस्पतालहरुमा सिफारिस गरिएको ।
४. डेंगु लगायत किटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणको लागी लामखुट्टेको बासस्थान खोजौ र नष्ट गरौ अभियान संचालन ।
५. बाजुङ्ग स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड कार्यक्रमको फलो अप अनुगमन तथा मुल्यांकन कार्यक्रम सम्पन्न ।
६. नियमित अनुगमन तथा सुपरिवेक्षण: गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीहरु र सामुदायिक स्वास्थ्य इकाईहरुको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको ।
७. अन्य प्रशासनिक एबम विविध कार्यक्रमहरु: कार्यालयको नियमित प्रशासनिक गतिविधिहरु, स्वास्थ्य संस्थाहरुलाई बिभिन्न प्रकारका अभिलेख तथा प्रतिवेदन सम्बन्धि सामाग्रीहरु वितरण ।

## जलजला गाउँपालिका

१. किशोर किशोरी मैत्री स्वास्थय संस्था संचालन र मुल्यांकन पालिका स्तरिय समिति गठन र स्वास्थ्यकर्मिलाई अभिमुखिकरण ।
२. स्तनपान सप्ताह विभिन्न सचेतनामुलक कार्यक्रम हरू संचालन गरि मनाईएको
३. आ.व ०८०/८१ मा सम्पादित कार्यक्रमहरू को वार्षिक समिक्षा ।
४. Dengue रोग नियन्त्रणको वारेमा विध्यालय स्वास्थ्य शिक्षा प्रदान ।
५. eHMIS का लागि १२ थान ल्यपटप खरिद तथा वितरण।
६. औषधि खरिदका लागि ई विडिङ् खुल्ला गरिएको।
७. पालिका अन्तर्गतका १२ वटा स्वास्थ्य संस्थामा eHMIS software लागु तथा यस सम्वन्धि तालिम संचालन ।
८. लक्षित समुह लाई नि: शुल्क एम्वुलेन्स सेवा विस्तार ।

## महाशिला गाउँपालिका

१. विभिन्न कार्यक्रमहरु गरि स्तनपान सप्ताह कार्यक्रम सन्चालन
२. Dengue रोग सम्बन्धि बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सन्चालन
३. Dengue रोगको लागि लाम्खुट्टे खोज र नस्ट गर कार्यक्रम सन्चालन बिध्यार्थि र स्वास्थ्यकर्मिहरु द्वारा र्याली सन्चालन
४. सबै स्वास्थ्य सस्थाहरुमा eHMIS र eLMIS Data entry को लागि Laptop बितरण
५. प्रत्येक शुक्रबार स्वास्थ्य सस्था वरिपरिको सरसफाइ तथा बृक्ष्यारोपण कार्यक्रम सन्चालन
६. फलामखानि स्वास्थ्य चौकिमा Dengue रोगको लागि Fever cases हरुमा RDT द्वारा Dengue परिक्षण ।

## बिहादी गाउँपालिका

१. विहादी गाँउपालिका स्वास्थ्य शाखा र अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट समुदाय स्तर, स्वास्थ्य संस्था, खोप तथा गाउँघर क्लिनिक, आमा समुह , विद्यालय लगायतका स्थानहरुमा स्तनपान सम्वन्धी सप्ताह व्यापी सचेतना कार्यक्रम सञ्चालन
२. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत संस्थागत सुत्केरी श्रावण महिनामा १६ जना (बाच्छा -३, रानीपानी -५, वहकीठाटी -३ उरामपोखरा -१, शालिग्राम -४)
३. प्रत्येक शुक्रवार स्वास्थ्य संस्था परिसर सरसफाई अभियान सञ्चालन
४. विद्यालयमा स्तनपान प्रवर्द्धन र डेंगु नियन्त्रण (Search and destroy अभियान) सम्वन्धी स्वास्थ्य शिक्षा कक्षा संचालन ।
५. Dengue रोगको लागि लाम्खुट्टे खोज र नस्ट गर कार्यक्रम सन्चालन विद्यार्थी, व्यवस्थापन समिति, स्वास्थ्यकर्मिहरु म स्वा स्व से, हरु सक्रिय रूपमा search and destry अभियानमा सहभागी ।
६. वहाकी र विहादी स्वास्थ्य चौकिमा Dengue रोगको लागि शंकास्पद cases हरुमा RDT द्वारा Dengue परिक्षण ।
७. अभियानमा सहभागी । ७. वहाकी र विहादी स्वास्थ्य चौकिमा Dengue रोगको लागि शंकास्पद cases हरुमा RDT द्वारा Dengue परिक्षण ।

## पैयु गाउँपालिका

१. स्तनपान सप्ताह विभिन्न जनचेतनामूलक कार्यक्रम गरि मनाईएको ।
२. डेगु नियन्त्रण तथा सचेतनाका लागि विध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
३. HMIS तथ्यांक को त्रुटीको पहिचान र समस्या समाधान गरिएको ।
४. संस्थाहरूको वार्षिक कार्यतालिका निर्माण।

# समाचारमा स्वास्थ्य कार्यालय पर्वत

सघन न्युज
saghannews.com सघन, खँदिलो र गम्भीर
समाचार सघन विशेष राजनीति समाज प्रदेश साहित्य अर्थ / बिजनेस सूचना प्रविधि स्वास्थ्य-जीवनशैली मनोरञ्जन खेलकुद अन्तर्राष्ट्रिय मनोरञ्जन

## पर्वतका प्रति तीन सय ८७ जना नागरिकलाई एक जना स्वास्थ्यकर्मी

साउन ५ २०८१ 0 शेयर

पर्वत : पर्वतको जनसङ्ख्या र कार्यरत स्वास्थ्यकर्मीहरूको अनुपात हेर्दा एक जना स्वास्थ्यकर्मीले तीन सय ८७ जनालाई स्वास्थ्य सेवा दिनुपर्ने देखिएको छ।

वि.सं. २०७८ सालमा भएको जनसङ्ख्यालाई आधार मानेर स्वास्थ्यकर्मीहरूको अनुपात निकालिएको र सन्तुलनमा भने नरहेको जिल्ला स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रवीण शर्माले बताएका छन्। जिल्लाका सात वटा स्थानीय तहहरूमा नागरिक र स्वास्थ्यकर्मीहरूको अनुपात एउटै खालको छैन।

सबैभन्दा बढी कुश्मा नगरपालिकामा एक जना स्वास्थ्यकर्मीको भागमा पाँच सय ६० जना पर्दा सबैभन्दा कम महाशिला गाउँपालिकामा भने एक जनाको भागमा एक सय १७ जना मात्रै रहेका छन्। जिल्लाको कुल जनसङ्ख्या एक लाख ३० हजार एक सय ५१ रहेको छ भने उनीहरूका लागि तीन सय ३६ जना स्वास्थ्यकर्मीहरू छन्।




# डेंगु नियन्त्रणमा विद्यार्थीको भूमिका बलियो बनाउँदै स्वास्थ्य कार्यालय पर्वत

संजय रेग्मी
पर्वत, २९ साउन



[स्वा]स्थ्यकर्मीको सक्रियताले मात्रै डेंगु [नि]यन्त्रणमा प्रभावकारी काम हुन नसक्ने [दे]खेपछि स्वास्थ्य कार्यालय पर्वतले जिल्लाका [विद्या]लयहरूमार्फत् नियन्त्रणको अभियान [था]लेको छ। सीमित सङ्ख्यामा रहेका [स्वा]स्थ्यकर्मीहरू डेंगु नियन्त्रणको अभियानमा [मा]त्रै खटिरहने समय नहुने र उनीहरू [मा]त्रै खट्दा नागरिकले अपनत्व नदेखाउँदा [विद्या]र्थीमार्फत समुदायमा कार्यक्रम सुरु [ग]रिएको हो। स्वास्थ्य कार्यालय पर्वतका प्रमुख [प्रवी]ण शर्माका अनुसार गत आइतबारदेखि [जि]ल्लाका सात वटै स्थानीय तहहरूका विद्यालयमा नै पुगेर स्वास्थ्यकर्मीहरुले यसबारेका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। स्वास्थ्य कार्यालयले डेंगु सङ्क्रमणको वर्तमान अवस्था, लाग्ने कारण, सङ्क्रमणका असर, लामखुट्टे नियन्त्रणको तरीका, लामखुट्टेमार्फत ज्यामितीय रूपमा फैलिने सङ्क्रमण, सामुदायिक रूपमा गर्न सकिने कामहरू, यसमा विद्यार्थीले गर्न कामहरू, सङ्क्रमित व्यक्तिहरूले अपनाउनुपर्ने स्वास्थ्य मापदण्ड, लगायतका बारेमा सामग्रीहरू तयार पेरर जिल्लाभरका स्वास्थ्य संस्थाहरूमा पठाएको छ। बाँकी पृष्ठ २ मा

थाहा खबर
निष्पक्ष सक्रियताको अभ्यास
गृहपृष्ठ राजनीति विचार संवाद फिचर प्रदेश समाज अर्थ मनोरञ्जन विश्व खेल

vianet

गृहपृष्ठ > समाज

## पर्वतमा सुत्केरी हुने भन्दा ४६ प्रतिशत बढीले गराए गर्भपतन

थाहा संवाददाता | साउन २७, २०८१ आइतबार

सघन न्युज
saghannews.com सघन, खँदिलो र गम्भीर
समाचार सघन विशेष राजनीति समाज प्रदेश साहित्य अर्थ / बिजनेस सूचना प्रविधि स्वास्थ्य-जीवनशैली

## विद्यालय शिक्षाबाट पूर्ण स्तनपानको प्रयास गर्दै पर्वतका स्वास्थ्यकर्मी

अभियानको पहिलो कार्यक्रम नारायण मा.वि. कुश्मामा

साउन १८, २०८१ 0



पर्वत : सदरमुकाम कुश्मा बजारको नारायण माध्यमिक विद्यालयको कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूले बिहिबार पूर्ण स्तनपान, स्तनपानको महत्व र बालबालिकाको वृद्धि अनुगमनको बारेमा स्वास्थ्यकर्मीबाट नै जान्ने मौका पाए। स्तन पनबारेका आधारभूत कुरा पाठ्यक्रमबाट जानेको भए पनि यसबारेको विशिष्ट ज्ञान भने स्वास्थ्यकर्मीबाट नै पाउँदा स्तनपानको महत्वको बारेमा उनीहरू छर्लङ्ग भए।

अङ्ग्रेजी मितिको अगस्ट एकदेखि सातसम्म विश्वभर 'विश्व स्तनपान सप्ताह, २०२४' धरिरहेको छ। यही सप्ताह तथा स्वास्थ्य कार्यालय पर्वतले स्वास्थ्यकर्मीहरुले विद्यालयमा अनिवार्य रुपमा स्वास्थ्य विशेष कक्षा लिएको हुनुपर्ने व्यवस्था सुरु गरेको छ।

०१ भदौ २०८१, शनिबार | (Saturday, 17 August, 2024)
थाहा खबर
निष्पक्ष सक्रियताको अभ्यास
गृहपृष्ठ राजनीति विचार संवाद फिचर प्रदेश समाज अर्थ मनोरञ्जन विश्व खेल

## पर्वतमा उकालो लाग्दै डेंगु ग्राफ, सबैभन्दा प्रभावित कुश्मा नगरपालिका

थाहा संवाददाता | साउन २९, २०८१ मंगलबार

पर्वत : साउन महिना लागेसँगै एक-दुई जनामा डेंगुको पुष्टि भएको पर्वतमा पछिल्ला दिनमा सङ्क्रमितहरूको सङ्ख्या बढ्दै जाँदा डेंगुको ग्राफ उकालो लाग्दै गएको छ।


हालसम्म कुल ७५ जनामा यसको पुष्टि भइसकेको र सबैभन्दा बढी कुश्मा नगरपालिका प्रभावित रहेको स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रवीण शर्माले जानकारी दिए। सोमबार साँझसम्मको तथ्याङ्क अनुसार सबैभन्दा बढी कुश्मा नगरपालिकाका ५८ जनामा सङ्क्रमणको पुष्टि भएको छ। बाँकी रहेका १७ जनामध्येका अन्य छ वटा स्थानीय तह सहित जिल्ला बाहिरबाट आएका नागरिक हुन्। उनीहरू मोदी गाउँपालिकाका पाँच जना, जलजला गाउँपालिकाका तीन जना, फलेवास नगरपालिकाका चार जना, महाशिला गाउँपालिकाका एक जना, बिहादी गाउँपालिकाका एक जना र अन्य जिल्लाबाट आएका तीन जना रहेका छन्।



# डेंगी नियन्त्रण अभियान




**विगत केहि हप्ता देखि पर्वत जिल्लामा डेंगी संक्रमण दिन प्रति दिन दोब्बर हुदै गएको हुँदा जो कसैलाई पनि यो रोग लाग्न सक्दछ। यसै सन्दर्भमा जिल्ला स्थित सबै सरकारी-गैर सरकारी निकाय, स्थानीय तहका सम्पूर्ण वडा, स्वास्थ्य संस्था, विद्यालय, ग्यारेज , वर्कसप, कवाडी संकलन केन्द्र, जनसमुदायको घर तथा पसल वरपर टोल तथा समुदायमा पानी जम्न नदिने, पानी जम्ने खाल्डाहरु पुर्ने, घर वरीपरी भएका झाडी सफा गर्ने, पानीका भाँडाहरु ढाकेर राख्ने अभियान संचालन गर्नुहुन अनुरोध छ।**



**अनुरोधक**

**स्वास्थ्य कार्यालय पर्वत**



## डेंगी ज्वरो (Dengue Fever)

### परिचय

डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो। डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ।

### लामखुट्टेले टोक्ने समय

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ।

### लामखुट्टे वृद्धि विकास हुने स्थान

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फूल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ।

### लक्षणहरु

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसंगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा विविरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो।

### डेंगी ज्वरोको उपचार

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन। यो आफै निको हुन्छ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विषेश ध्यान दिनु पर्छ।

### बच्ने उपाय

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने।

### लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं
२०७६/०७७